# नेजासम्बद्ध पत्रकार आचारसंहिता - २०२२

नेपाल अमेरिका पत्रकार संघ (नेजा) का सदस्यहरूले संयुक्त राज्य अमेरिकाको संविधानको अक्षरशः पालना गर्दै अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मूल्य मान्यताबमोजिम पत्रकारिता पेसाको मर्यादा, जवाफदेहिता, सामाजिक हित र न्यायका निम्ति निम्नबमोजिमको आचारसंहिता पालना गर्नेछन् ।

१. हामीले समाचार सामग्री तयार पार्दा यसका लागि आवश्यक सबै तथ्यका आधारमा स्रोतको पहिचान र पृष्ठभूमि प्रमाणित गर्ने प्रयासमा प्रतिबद्ध हुँदै विश्वसनीयतालाई कायम राख्नेछौं ।

२. हामीले समाचार वा विचारहरू प्रकाशन वा प्रसारण गर्ने क्रममा सञ्चारमाध्यम वा अन्यत्रबाट साभार गर्दा त्यसको स्रोत उल्लेख गर्नेछौं । समाचार प्रकाशन वा प्रसारण गर्ने क्रममा हामीबाट कुनै त्रुटि भएको खण्डमा त्रुटिको प्रकृतिलाई स्वीकार गर्दै तुरुन्तै र पारदर्शी तरिकाले त्यसमा सुधार गर्नेछौं ।

३. हामी समाचारमा संलग्न सबै व्यक्ति वा पक्षहरूको अधिकारको समान सम्मान गर्नेछौं । प्रकाशन वा प्रसारण गर्नुअघि सार्वजनिक रूपमा आरोपित वा आलोचना गरिएका व्यक्ति, कम्पनी वा संस्थाहरूलाई प्रतिक्रिया दिने मौका दिनेछौं । हामी तिनीहरूलाई सम्पर्क गर्नका लागि वास्तविक र व्यावहारिक प्रयास गर्नेछौं र यदि तिनीहरूले प्रतिक्रिया वा टिप्पणी गर्न अस्वीकार गरे त्यो समेत उल्लेख गर्नेछौं ।

४. हामीले प्रकाशन गर्न लागेको सामग्रीसँग प्रत्यक्ष रुपमा मेल नखाने वा कथासँग सान्दर्भिक नभएसम्म हामी व्यक्तिको जात, रंग, धर्म, यौन झुकाव, लिङ्ग, आत्म–पहिचान, पारिवारिक सम्बन्ध, भूगोल, असक्षमता वा सामाजिक स्थितिलाई उल्लेख गर्ने छैनौं ।

५. बालबालिका वा अन्तर्वार्ताका लागि सहमति दिन नसक्ने व्यक्तिहरूको बारेमा रिपोर्ट गर्दा हामी विशेष सावधानी अपनाउने छौं । विशेषगरी संवेदनशील विषयहरूमा रहेर कुरा गर्नुपर्ने भए हामी अभिभावकको सहमति खोज्ने पक्षमा रहनेछौं । त्यसैगरी, हामी नाबालिगहरूले वा उनीहरूका सामाजिक सञ्जालमा पोस्ट गरिएको कुनै पनि सामग्री प्रयोग गर्दा विशेष ध्यान दिनेछौं ।

६. हामी हाम्रा पूर्वाग्रह वा आग्रहलाई समाचार संकलन, प्रकाशनका क्रममा ल्याउने छैनौं । यसमा विशेष ध्यान दिँदै प्रत्येक व्यक्तिको निष्पक्ष परीक्षणको अधिकारलाई सम्मान गर्नेछौं ।

७. हाम्रा पाठक, दर्शक वा श्रोतालाई सार्वजनिक संस्था र यसका हित पूरा गर्नका लागि निर्वाचित वा नियुक्त भएका मानिसहरूको बारेमा जान्न पाउने अधिकार हुने हुँदा गोपनीयता कायम राख्ने अधिकारको सम्मान गर्दै गोपनीयताको अधिकार र सार्वजनिक हितका विषयमा जानकारी पाउने नागरिकको अधिकारप्रति विशेष सतर्कता अपनाउने छौं ।

८. हामी पीडित व्यक्ति वा संस्थासँग सम्बन्धित रिपोर्टिङ गर्दा उनीहरूको संवेदनशीलताका बारेमा सचेत रहेर सबैको चासो र जानकारी गराउनुपर्ने अनिवार्य विषयमा मात्र रिपोर्ट बनाउनेछौं ।

९. हामीले व्यक्ति र संस्थाबारे जानकारी हासिल गर्नका लागि सामाजिक सञ्जाल वा विभिन्न साइटहरूमा उल्लेख उनीहरूका विषयलाई समेट्न परेको खण्डमा पनि ती सम्बन्धित व्यक्ति वा संस्थासँग अनुमति लिनेछौं वा स्रोत उल्लेख गर्नेछौं ।

१०. हामी विज्ञापनदाता व्यक्ति वा संस्थाप्रति प्रभावित भएर उनीहरूसँग सम्बन्धित समाचारलाई प्रभाव पार्ने उनीहरूको प्रयासको प्रतिरोध गर्नेछौं ।

११. हामीले हाम्रो समाचार सामग्री संकलन गर्ने क्रममा कसैसँग आर्थिक सहयोग लिएर रिपोर्टिङ गर्ने छैनौं । यदि कुनै समाचार सामग्री कसैको सहयोगमा तयार पार्नु परे त्यसको विवरण समावेश गर्नेछौं ।

१२. हामी सामान्यतयाः आफूलाई पत्रकारको रूपमा घोषणा गर्छौं र केही जानकारी खोज्दा हाम्रो पहिचान लुकाउँदैनौं । हामी सामान्यतयाः जानकारीको स्रोत पहिचान गर्छौं । हामीले कुनै कारणले अज्ञात स्रोत प्रयोग गर्दा अज्ञात स्रोतको प्रयोगको कारण पुष्टि गर्नेछौं । तथापि स्रोतको सुरक्षाप्रति हामी सचेत रहनेछौं ।

१३ हामी रिपोर्टिङको निष्पक्षता र विश्वसनीयताका लागि पाठक, श्रोता वा दर्शकप्रति उत्तरदायी हुनेछौं । कुनै पनि सर्वेक्षणसम्बन्धी रिपोर्ट गर्दा विशेष सावधानी अपनाउनेछौं ।

१४. हामी समाचार सामग्री प्रकाशन एवम् प्रसारणमा सामाजिक सञ्जालको प्रयोगलाई समेत उपयोग गर्नेछौं । यद्यपि, यस्तो माध्यममार्फत प्रसारण गरिएका कुनै पनि समाचार सामग्रीको पुष्टि हुनुपर्ने स्रोततर्फ सतर्क रहनेछौं ।

१५. हामी नेजाप्रति जवाफदेही रहँदै हाम्रा क्रियाकलापबाट पत्रकारिता र संस्थाको गरिमामाथि आँच पुग्ने कार्यप्रति सजग र सचेत रहनेछौं ।

--०--